# गैरआवासीय नेपाली संघ

## विभाग, समिति, उपसमिति तथा कार्यदलको कार्यव्यवस्था सम्बन्धि नियमावली, २०२१

अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट पारित भएको मितिः २०२१ जुलाई १७

**प्रस्तावना:** गैरआवासीय नेपाली संघको कार्य व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार विभिन्न विभागहरु, समितिहरु, उपसमितिहरु र कार्यदलहरुको गठन गर्नु बाञ्छनीय भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो नियमहरूको नाम "गैरआवासीय नेपाली संघ विभाग, समिति, उपसमिति तथा कार्य दलको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्णय गरेको मिति बाट लागू हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) "**संघ**" भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउनेछ ।

(ङ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(च) "**विभाग**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको विभागलाई जनाउनेछ ।

(छ) "**समिति**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको समतिलिाई जनाउनेछ ।

(ज) "**क्षेत्रीय समिति**" भन्नाले संघले गठन गरेको क्षेत्रीय समितिलाई जनाउनेछ ।

(झ) "**उपसमिति**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले समिति अन्तर्गत गठन गरेको उपसमतिलाई जनाउनेछ ।

(ञ) "**कार्यदल**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निश्चित अवधिको लागि गठन गरेको कार्यदललाई जनाउनेछ ।

(ट) "**विभागीय प्रमुख**" भन्नाले विभागको प्रमुखलाई जनाउनेछ ।

(ठ) "**संयोजक**" भन्नाले समिति, उपसमिति र कार्यदलको संयोजकलाई जनाउनेछ ।

३. **विभाग, समिति, उपसमिति तथा कार्यदल गठनको प्रकृयाः**

गैरआवासीय नेपाली संघको अभियानको दायरा बृहत हुँदै गएको र यस अभियान अन्तर्गत गरिने कार्यहरुलाई छिटा छरितो रुपमा सम्पन्न गर्नको लागि संघको विधानको उपदफा १७.८ मा प्रावधान भए अनुसार विभिन्न विभागहरु र संघको आवसश्यकता एवं औचित्यका आधारमा समिति, उपसमिति र कार्यदलको गठन गर्नु पर्ने दायित्व अन्तर्राष्ट्रिय समन्वय परिषद्मा रहेको छ । अन्तर्राष्ट्रिय समन्वय परिषद् गठन भएको तीन महिना भित्र आवश्यकता अनुसारका विभिन्न विभाग, आवश्यकता अनुसारका

समिति, उपसमिति तथा कार्यदल गठन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरि सक्नु पर्नेछ । विभाग, समिति, उपसमिति तथा कार्यदलको गठन प्रक्रिया निम्न अनुसारको हुनेछः

(१) विभाग, समिति, उपसमिति र कार्यदलका विभागीय प्रमुख वा संयोजकहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषदले गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानको उपदफा १७.२ मा प्रावधान भएको ६ जना उपाध्यहरुलाई विभागी प्रमुखमा चयन गर्नु पर्ने छ ।

(३) अन्तर्राष्ट्रिय समन्वय परिपद्ले चयन गरेका विभागका विभागीय प्रमुख, समिति तथा उपसमिति र कार्यदलका संयोजकहरुलाई सदस्यहरु चयन गर्नको लागि अनुमति प्रदान गर्नेछ ।

(४) सम्बन्धित क्षेत्रमा ज्ञान, अनुभव तथा विशेषज्ञता हासिल गरेका पंजिकृत गैरआवासीय नेपाली सदस्यहरु समिति, उपसमिति तथा कार्यदलको सदस्यको लागि योग्य हुने छन् ।

(५) संयोजकहरुले सदस्यहरु चयन गर्दा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु, सदस्यहरु र राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु संग अनिवार्य रुपमा परामर्श लिनु पर्नेछ ।

(६) विभागमा विभागी प्रमुखले बढीमा ७ जना सदस्य र बढीमा ३ जना सल्लाहकार भएको संचालक समिति (Steering Committee) गठन गर्नु पर्ने छ । उक्त संचालक समितिका सदस्यहरु अन्तर्राष्ट्रिय समन्व परिषदका पदाधिकारीहरु तथा सदस्यहरु मध्येबाट र सल्लाहकार सम्बन्धित विषयमा ज्ञान भएको गैरआवासीय नेपाली अभियन्ताबाट हुनु पर्नेछ । विभागीय प्रमुखहरु कुनै पनि समिति, उपसमिति तथा कार्यदलको संयोजक वा कुनै पनि पदमा मनोनित हुन पाउने छैन ।

(७) एउटा समिति, उपसमिति तथा कार्यदलमा २५ जना भन्दा बढी सदस्य मनोनित गर्न पाइने छैन् ।

(८) समिति, उपसमिति तथा कार्यदलमा मनोनित भएका सदस्यहरुले राष्ट्रिय समन्वय परिषद्को कार्य समितिलाई आफू मनोनित भएको अनिवार्य रुपमा जानकारी दिनुपर्नेछ ।

(९) सदस्यहरु समिति, उपसमिति तथा कार्यदलका कार्यहरु प्रति पूर्ण रुपमा समर्पित हुनुपर्नेछ ।

(१०) समिति, उपसमिति र कार्यदलमा ५ जना भन्दा बढी सल्लाहकारहरु राख्न पाइने छैन् ।

(११) कुनै पनि व्यक्ति एक भन्दा बढी समिति वा उपसमिति वा कार्यदलको संयोजक तथा सदस्य पदमा मनोनित हुन पाउने छैन् ।

(१२) विभाग, समिति, उपसमिति र कार्यदलका प्रमुख तथा संयोजकहरुले नियुक्ति भएको तीन महिना भित्र आफ्नो कार्य विवरण सहित सदस्यहरु चयन गर्नु पर्नेछ ।

(१३) हरेक विभाग, समिति, उपसमिति तथा कार्यदलले आआफ्नो कार्य विवरण सहित सदस्यहरुको नामावली अनुमोदन गराउनको लागि अन्तर्राष्ट्रि समन्वय परिषद्मा पठाउनु पर्नेछ ।

(१४) अन्तर्राष्ट्रिय समन्वय परिषदले पेश भएका कार्यविवरण र नामावलीहरु निर्देशिका तथा नियमावली अनुसारको भएमा त्यसलाई अनुमोदन गरी संघको वेभसाइटमा अपलोड गरी मान्यता प्रदान गर्ने छ ।

(१५) समिति, उपसमिति र कार्यदलका संयोजकहरु, सदस्यहरु चयन गर्दा विशेषज्ञता तथा अनुभवका साथै सकभर सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने छ । संयोजकहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्यहरु मध्येबाट हुनु पर्ने छ ।

(१६) गठन भएका समिति, उपसमिति तथा कार्यदलको समयावधि अन्तर्राष्ट्रिय समन्वय परिषद्को कार्यकाल समाप्त भए सँगै सकिने छ ।

(१७) राष्ट्रिय समन्वय परिषद् गठन भएको मुलुकको सदस्य मनोनयन भएमा सो व्यक्तिले राष्ट्रिय समन्वय परिषदको पंजिकृत सदस्यता अनिवार्य रुपमा लिएको हुनु पर्ने छ ।

४. **विभाग, समिति, उपसमिति र कार्यदलको काम, कर्तव्य र अधिकारः**

(१) विभाग, समिति, उपसमिति तथा कार्यदलले आफ्नो कार्यक्रम एवं योजना संचालनको लागि लाग्ने सम्मपूर्ण कोषको व्यवस्था आफैले गर्नु पर्ने छ । उक्त कोषको व्यवस्थापन सचिवालयमा रहेको खातामा संचालन गरी गर्नु पर्ने छ । विभाग, समिति, उपसमिति तथा कार्यदलले आफ्नो आयव्ययको विवरण पारदर्शी बनाई अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्नेछ ।

(२) गठन भएका समिति, उपसमिति र कार्यदलहरुले आफूले पेश गरेको कार्य विवरण अनुसार कार्य गर्नेछ ।

(३) कार्य प्रगति विवरण हरेक अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक सम्पन्न हुनु भन्दा ७ दिन पहिले अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा पेश गर्नु पर्नेछ ।

(४) कार्यक्रमहरुको आयोजना गर्दा अन्तर्राष्टिय समन्वय परिषद् र सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्सँग समन्वय तथा सहकार्य गर्ने ।

(५) कुनै संघ संस्थाहरुसँग सम्बन्धित विषयमा सहमति वा सम्झौता हस्ताक्षर गर्नु परेमा हस्ताक्षर गर्नु भन्दा पहिले त्यसको जानकारी अनिवार्य रुपमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जानकारी गराउनु पर्ने छ ।

(६) आफ्नो विभाग, समिति, उपसमिति तथा कार्यदलमा कुनै सदस्यहरु हटाउनु पर्ने या थप गर्नु पर्ने भएमा सोको अग्रिम जानकारी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई गराउनु पर्नेछ ।

(७) प्रयेक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा कार्यहरुको प्रगती विवरण पेश गर्ने छ ।

(८) विभाग, समिति, उपसमिति तथा कार्यदलको तर्फबाट नेपाल सरकार लगायत अन्य संघ संस्थासंघ संयुक्त बन्ने समितिको प्रतिनिधि पठाउनु अघि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयबाट उक्त व्यक्तिको नाम अनुमोदन गराउनु पर्ने छ ।

(९) विभाग, समिति, उपसमिति तथा कार्यदलले आफ्नो कार्यक्रम संचालनको लागि गर्ने कुनै पनि सम्झौता संस्थाको अध्यक्ष वा अध्यक्षले मञ्जुरिनामा दिएको व्यक्तिले मात्र गर्न सक्ने छ ।

५. **बैठक:**

सञ्चालन भएका गतिविधिहरु बारे अध्यावधिक हुनको लागि कम्तिमा ३ (तीन) महिनाको एक पटक संघको विजनेस स्काइप वा सञ्चारका अन्य माध्यमबाट विभाग, समिति, उपसमिति तथा कार्यदलका विभागीय प्रमुख तथा संयोजकले अनिवार्य रुपमा वैठक आह्वान गर्नुपर्ने छ ।

६. **बैठकको निर्णय:**

वैठकमा भएका निर्णयहरुको विवरण (माइनुट) वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्ने छ ।

७. **बैठक सम्बन्धी प्रक्रिया:**

(१) बैठकको अध्यक्षता तथा सञ्चालन विभागय प्रमुख तथा संयोजकले गर्नेछ । विभागीय प्रमुख वा संयोजकको अनुपस्थितिमा विभागीय प्रमुख वा संयोजकले तोकेको व्यक्तिले अध्यक्षता गर्ने छ ।

(२) बैठकको मिति तथा बैठकमा छलफल गरिने विषयहरु विभागीय प्रमुख तथा संयोजकले आफ्ना सदस्यहरुलाई ७ (सात) दिन अगाडि ईमेल तथा अन्य सञ्चार माध्यमद्वारा सूचना जारी गरी उपलब्ध गराउनु पर्दछ ।

(३) बैठकमा कूल सदस्य संख्याको ५० (पचास) प्रतिशत सदस्य उपस्थिति भएमा बैठकको कोरम पुरा भएको मानिने छ ।

(४) बैठकको माईन्यूट विभागीय प्रमुख वा तथा संयोजकले वा उहांहरुले तोकेको व्यक्तिले तयार पार्नु पर्नेछ ।

(५) बैठकको निर्णयको अभिलेख अथवा माइनुट नेपाली वा अंग्रेजी मध्ये कुनै एक भषामा तयार गर्नु पर्नेछ ।

(६) विभागीय प्रमुख तथा संयोजकले बैठक सम्पन्न भएको १५ दिन भित्र माइनुट तयार गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्नेछ ।

(७) वैठकको प्रतिवेदन र निर्णय विधुतीय अभिलेखमा राखिने छ ।

८. **<u>क्षेत्रीय समितिको गठन र काम कर्तव्यः</u>**

(१) संघको ६ वटा क्षेत्रमा क्षेत्रीय संयोजकको नेतृत्वमा विधानको दफा १९(क) अनुसारको क्षेत्रीय समिति गठन गर्नु पर्नेछ । यस समितिमा सम्बन्धीत क्षेत्रका क्षेत्रीय उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजक तथा उपसंयोजक, क्षेत्रीय युवा संयोजक तथा उपसंयोजक, क्षेत्रीय सचिव, सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु र राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु रहने छन् ।

(२) क्षेत्रीय संयोजकको सिफारिशमा क्षेत्रीय समितिले सम्बन्धित क्षेत्रको अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्यहरुबाट एक जना सदस्य सचिव मनोनित गर्नेछ ।

(३) समितिमा सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषद्का महासचिवहरु आमन्त्रीत रुपमा रहने छन् ।

(४) अन्तर्राष्ट्रिय समन्वय परिषद्का सचिवहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको क्षेत्रीय समितिको नियमित कामहरुको अनुगमन तथा सरोकारका विषयमा सहजीकरण गर्ने छ ।

(५) क्षेत्रीय समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले उठान गरेका विषयहरु, आफ्ना क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषद्ले गरेका गतिविधिहरुको अनुगमन तथा सरोकारका विषयमा सहजीकरण गर्नेछ ।

(६) क्षेत्रीय समितिको बैठक कम्तिमा तीन महिनाको एक पटक भौतिक वा अनलाईन मार्फत गर्न सकिनेछ ।

९. **<u>कार्यविधि बनाउने अधिकारः</u>**

यो नियमावली कार्यान्वयन गर्न विभाग, समिति, उपसमिति र कार्यदलले आवश्यक कार्यविधि बनाउन सक्नेछ र त्यस्ता कार्यविधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट स्वीकृत भए पछि प्रारम्भ हुनेछन् ।

१०. **<u>निर्देशन दिन सक्नेः</u>**

(१) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभाग, समिति, उपसमिति र कार्यदलद्वारा गरिने काम कारबाहीको सम्बन्धमा विभाग, समिति, उपसमिति र कार्यदललाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु विभाग, समिति, उपसमिति र कार्यदलको कर्तव्य हुनेछ ।

११. **<u>बाधा अड्काउ फुकाउः</u>**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा विभाग, समिति, उपसमिति र कार्यदलको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

१२. **<u>यसै नियमावली बमोजिम हुनेः</u>**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१३. **<u>खारेजी र बजाउः</u>**

(१) गैरआवासीय नेपाली संघ समिति, उपसमिति तथा कार्यदलको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली संघ समिति, उपसमिति तथा कार्यदलको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।।